# किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१ कार्तिक २६ गतेको बैठकको निर्णय ।

१. गाउँपालिका गाउँकार्यापालिकाबाट भएको निर्णयहरु, विषयगत शाखा र वडा कार्यालयहरुबाट भएको निर्णय तथा दैनिक सेवा प्रवाहमा भएको आ.ब.२०८१/८२ को त्रैमासिक कार्य प्रगति माथी छलफल गरी समिक्षा गरियो ।

२. गत महिना मिति २०८१/०६/२० गतेको बैठकबाट निर्णय भएको ५ वटा निर्णयहरुको समिक्षा ।

३. **चालु** आ.व. को दहत्तर बहत्तर निकासी करको लागि ठेक्का नलागेसम्म कार्यालयबाट नै कर संकलनको लागि कर्मचारी खटाइएकोमा निज कर्मचारी अतिरिक्त समय र विदाको समयमा समेत कार्य गर्नुपर्ने भएकाले दैनिक रु ३५० (तीन सय पचास) खाजा र खाना खर्च वापत थप सेवा सुविधा दिन कार्यालयलाई निर्देशन दिने ।

४. गत आ.ब. २०८०/८१ को दायित्व सरी आएको केही योजना तथा कार्यक्रमहरुको हाल सम्म पनि भुक्तानी भएको नदेखिएकोले आवश्यक प्रकृया पुर्याई यथासिघ्र दायित्व भुक्तानी हुने व्यवस्था गर्न कार्यालयलाई निर्देशन दिने ।

५. त्रिशुली जलविद्युत कम्पनी लिमिटेडब बनस्थली, काठमाडौं को प.स. २०८१/८२ च.न. २३८ मिति २०८१-०७-११ गतेको पत्र मार्फत त्रिशुली जलविद्युत कम्पनीले रसुवा नुवाकोटको सरोकारवाला स्थानीय तहहरुलाई सर्वसाधारण समुहको शेयरको पाँच प्रतिशतले हुन आउने शेयर (१२,३५,००० कित्ता शेयर) मध्ये आफुले खरिद गर्न चाहेको शेयर संख्या खुलाई लगानी प्रतिवध्दताको लागि पत्रचार भएकोमा यस गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले जम्मा १,००,०००(एक लाख कित्ता) शेयर खरिद गर्ने प्रतिवध्दता सहित सम्बन्धी निकायमा पत्रचार गर्न कार्यालयलाई निर्देशन दिने ।

६. गत आ.ब. २०८०/८१ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA) र** स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन **(FRA)** का सूचक अनुसार आवश्यक कार्य गर्न सूचना प्रविधि अधिकृत श्री मोती माया तामाङको संयोजकत्वमा कर्मचारीहरुलाई कार्य जिम्मेवारी दिने ।

७. गाउँपालिकाको प्रमुख धार्मिक स्थल किस्पाङ पोखरी र फिकुरी डाँडामा मिति २०८१/०७/२७ गते हरिबोधनी एकादशी मेलाको अवसरमा किस्पाङ गाउँपालिका क्षेत्र भित्र स्थानीय पर्व अन्तर्गत सार्वजनिक विदा दिने ।

८. किस्पाङ गाउँपालिका अन्तर्गत काहुले हेल्थपोष्टको नाममा दर्ता रहेको बा.प्र.०१-००२ झ ६०३९ को एम्वुलेन्स हाल चालु अबस्थामा नरहेकोले पुर्ण मर्मत गरी सम्पुर्ण दायित्व तथा जिम्मेवारी ५ नं. वडा कार्यालयमा रहने गरी ५ नं. कार्यालयलाई सञ्चालनको जिम्मा दिने ।

९. किस्पाङ गाउँपालिकाको नाममा दर्ता रहेको बा.प्र.०२-००१-ग ४२२२ को ब्याकहु लोडर हाल चालु अबस्थामा नरहेकोले यथाशिघ्र मर्मत तथा ब्याकहु लोडर अपरेटरको ब्यवस्था गरी सञ्चालन गर्न कार्यालयलाई निर्देशन दिने ।

१०. किस्पाङ गाउँपालिका शिक्षा, युवा तथा खेदकुद शाखाबाट प्राप्त प्रतिवेदन अनुसार अनिवार्य तथा निःशुल्क शिक्षा सूनिश्चित भएको गाउँपालिका घोषणा गर्नको लागि आवश्यक न्यूनतम सूचकहरु पुर्ण भएको देखिएकोले यस गाउँपालिकालाई कार्यविधि अनुसार **अनिवार्य तथा निःशुल्क शिक्षा सूनिश्चित भएको गाउँपालिका** घोषणा गर्ने ।

११. किस्पाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, अन्तर्गतको वडा कार्यालयहरु र स्वास्थ्य चौकीहरुमा आबश्यक पर्ने कर्मचारीहरुको पदपूर्ति नभए सम्मको लागि सेवा प्रवाह प्रभावित हुन नदिन श्रेणी विहिन कर्मचारीको हकमा दैनिक ज्यालादारीमा कामदार ब्यवस्थापन गरी सेवा प्रवाह सुचारु गर्न गराउन कार्यालयलाई निर्देशन दिने ।